# सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम





# नेफ्स्कून परिचय



नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) देशभरका बचत तथा ऋण सहकारी संस्थाहरुको केन्द्रीय विषयगत संघ हो । २०४५ सालदेखि निरन्तर रूपमा क्रियाशील रहँदै आएको नेफ्स्कूनले आजसम्म बचत तथा ऋण सहकारी अभियानको संस्थागत र नीतिगत विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । प्रारम्भिक सहकारी संस्थाहरू, जिल्ला तथा प्रदेशस्तरीय बचत तथा ऋण संघहरु हुदै सुदृढ सञ्जाल निर्माण गर्न नेफ्स्कूनले उल्लेखनीय भूमिका खेलेको छ । नेपालको सहकारी अभियान सातौं दशकमा प्रवेश गरिरहँदा, यस अभियानको जेठो संघको रूपमा नेफ्स्कूनले सहकारी क्षेत्रको विकासलाई मार्गदर्शन गर्दै आएको छ ।

हाल यसको सञ्जालमा करिब ३३ लाख ५० हजार व्यक्तिगत सदस्यहरु आबद्ध रहेका छन् । बचत तथा ऋण सहकारी संस्थाहरुलाई व्यवस्थित, सुशासित, गुणस्तरीय तथा उत्पादनमूखी बनाउन नेफ्स्कून विगत ३७ वर्षदेखि सक्रिय रुपमा कार्यरत छ । वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तीकरण, नेतृत्व तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा नेफ्स्कूनले प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुऱ्याएको छ । नेफ्स्कूनले देशव्यापी सहकारी सञ्जाललाई एकीकृत गर्दै यसको सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

चार दशकदेखि वित्तीय सहकारीहरुको सुदृढिकरणमा भूमिका निर्वाह गर्दै आइरहेको नेफ्स्कूनले आफ्ना सदस्य संघ संस्थाहरुको व्यावसायिक क्षमता अभिवृद्धिका लागि विभिन्न शिक्षामूलक तालिम कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ । वार्षिक १५ हजार जनालाई विभिन्न शिक्षामूलक कार्यक्रमहरुमा सहभागी गराउने लक्ष्य लिएको संघले प्रदान गर्ने विभिन्न तालिम तथा शिक्षामूलक कार्यक्रमहरुका विस्तृत विवरण प्रस्तुत गरिएको छ ।



## सहकारी क्षेत्रमा तालिम शिक्षाको विद्यमान अवस्था

- सहकारी संस्थाको संख्यात्मक वृद्धि बढ्दो छ ।
- सहकारीप्रतिको कतिपयको बुझाई पैसाको मध्यस्थता मात्रै (बचत संकलन र ऋण लगानी) गर्ने भन्नेमा सिमित छ ।
- संवैधानिक प्रावधान अनुरुप सहकारी क्षेत्रको प्रबर्द्धन, विकास र सुपरिवेक्षण प्रदेश र स्थानीय तहमा विकेन्द्रित छ ।
- स्थानीय तहमा सहकारी सम्बन्धी दक्ष जनशक्ति व्यवस्थापन हुन सकिरहेको छैन ।
- जनशक्ति विकासको लागि सरकारको तर्फबाट केन्द्रीय सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र सञ्चालनमा छ ।
- जिल्ला, प्रदेश र केन्द्रीय संघमा समेत तालिमप्राप्त जनशक्ति र तालिम योजना छैन।
- दक्ष जनशक्तिको अभावमा सहकारी क्षेत्रमा जोखिम बढ्न सक्ने अवस्था छ ।
- सहकारी क्षेत्रमा नविनतम ज्ञान र प्रविधिको आन्तरिकीकरण हुन सकिरहेको छैन ।

## नेफस्कूनको शिक्षा तालिम कार्यक्रमको लक्ष्य

- सहकारी संस्थामा जनशक्तिहरुको क्षमता विकास गरी सहकारीमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्ने,
- सहकारी संस्थाहरुको सञ्चालक तथा व्यवस्थापन तहमा क्षमता अभिवृद्धि गराउने,
- आधुनिक लेखा प्रणाली : डिजिटल बैकिङ तथा वित्तीय पारदर्शिता सम्बन्धी ज्ञान प्रदान गर्ने,
- सहकारी संस्थाको वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने,
- वित्त व्यवस्थापन, जोखिम मूल्यांकनका विधिहरुमा दक्षता प्रदान गर्ने
- महिला, युवा तथा विपन्न वर्गलाई लक्षित कार्यक्रमहरु मार्फत सहकारीको पहुँच विस्तार गराउने,
- सहकारीमा सुशासन, जवाफदेहिता, पारदर्शिता र व्यवसायिकता प्रवर्द्धन गर्ने
- सहकारी संस्थाहरुको योजनाबद्ध विकासमा योगदान गर्ने ।

नेफस्कून

# लक्षित वर्ग

सहकारी संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरु र सम्पूर्ण कर्मचारीहरुको लागि संघको शिक्षा तालिम कार्यक्रम लक्षित छ ।



# तालिम केन्द्रका कार्यहरु

यस प्रस्तावनामा तपसिलका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

- तालिम पाठ्यक्रम निर्माण,
- सहकारी संस्थाको वार्षिक योजना अनुसारको तालिमको विवरण संकलन,
- लक्षित वर्गको तालिम आश्यकता पहिचान,
- आवश्यकता र माग अनुरुपका तालिम आयोजना, सञ्चालन एवम् सहजीकरण, सहकारी संस्थाको संस्थागत मागमा आधारित तालिम सहजीकरण (सम्बन्धित संस्थाको लागतमा),
- तालिमको प्रतिवेदन तयारी एवम् सम्प्रेषण,
- विषयगत संघहरुमा आवद्धताको लागि सहजीकरण,
- संस्थाको माग अनुरुप तालिम कार्यक्रमहरुको पाठ्यक्रम र सत्र योजना निर्माण ।

# तालिमको कार्यक्रमहरुको वर्गीकरण

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले सहकारीहरुको लागि आवश्यक पर्ने विभिन्न किसिमका तालिम तथा शिक्षालाई ३ तहमा विभाजन गरी सहकारीहरुको मागमा आधारित तालिम सञ्चालन गर्दै आएको छ । तालिमको पाठ्यक्रम निर्माण गरि तालिम कार्यक्रम सञ्चालन गरिदै आएको छ । सहकारी संस्थाले वार्षिक कार्यक्रम तथा बजेटमा उल्लेख गरेको कार्यक्रमकै आधारमा रहेर कार्यक्रम माग तथा सञ्चालन गर्न सकिने छ । संघले निर्माण गरेका पाठ्यक्रमको आधारमा देहायका वर्गमा वर्गिकरण गरी तालिम निरन्तर रुपमा सञ्चालन हुँदै आएको छ ।

नेफ्स्कून NTC

## क. आधारभूत तालिम

नेफ्स्कूनद्वारा प्रदान गरिने तपसिलमा उल्लेखित शिर्षकको तालिममा कुनै सहकारी संस्थाले आयोजना गर्न वा संघले आयोजना गरेको तालिममा सहभागि गराउन सक्नेछ ।

| क्र.सं. | तालिमको नाम | दिन |
|---|---|---|
| १. | नविनतम नेतृत्व विकास/संचालकहरुको क्षमता विकास आधारभूत तालिम | २ |
| २. | भाखा नाघेको ऋण व्यवस्थापन तालिम | २ |
| ३. | ऋणको कानुनी प्रकृया तथा धितो मुल्यांकन तालिम | २ |
| ४. | वार्षिक योजना तथा बजेट निर्माण तालिम | २ |
| ५. | अग्रभागका कर्मचारीहरुको क्षमता विकास तालिम | २ |
| ६. | मानव स्रोत व्यवस्थापन तालिम | २ |
| ७. | तरलता व्यवस्थापन तालिम | १ |
| ८. | वित्तिय परामर्श तालिम | २ |
| ९. | उत्कृष्ट सदस्य हेरचाह सदस्य सम्वन्ध व्यवस्थापन तालिम | २ |
| १०. | जनसम्पर्क तथा बजारीकरण सीप तालिम | २ |
| ११. | बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम | २ |
| १२. | सेवा केन्द्र व्यवस्थापन तालिम | २ |
| १३. | जाली नोट पहिचान तथा नगद परिचालकहरुको क्षमता विकास तालिम | २ |
| १४. | कर योजना तालिम/सहकारीमा कर प्रणाली तालिम | २ |
| १५. | व्यवसाय निरन्तरता योजना | २ |
| १६. | ऋण परामर्श तालिम | १ |
| १७. | कोष व्यवस्थापन तालिम | २ |
| १८. | सहकारी व्यवस्थापन तालिम | २ |
| १९. | बचत खेल तालिम | २ |
| २०. | लघु उद्यम खेल तालिम | ३ |
| २१. | कृषक व्यवसाय खेल तालिम | ३ |





## ख. मध्यम स्तरको तालिम

नेफस्कूनद्वारा प्रदान गरिने तपसिलमा उल्लेखित शिर्षकको तालिममा कुनै सहकारी संस्थाले आयोजना गर्न वा संघले आयोजना गरेको तालिममा सहभागि गराउन सक्नेछ ।

| क्र.सं. | तालिमको नाम | दिन |
|---|---|---|
| १. | Financial Product Design Workshop | ३ |
| २. | पर्ल्स अनुगमन प्रणाली तालिम (PEARLS) | ३ |
| ३. | वित्तीय व्यवस्थापन तालिम | ३ |
| ४. | ऋण व्यवसथापन तालिम | ३ |
| ५. | जोखिममा आधारित आन्तरिक लेखा परिक्षण तालिम | ३ |
| ६. | सम्पति शुद्धिकरण निवारण र कोपोमिस तालिम | २ |
| ७. | लेखामान (Chart of Account) तालिम | ३ |
| ८. | Basic Level Excel Training (Online or Face to Face) | ३/७ |
| ९. | आन्तरीक लेखापरिक्षण तथा अनुपालना तालिम | २ |
| १०. | वित्तीय उत्पादनको समिक्षा तथा निर्माण तालिम | २ |
| ११. | सञ्चालन तथा कानुनी जोखिम व्यवस्थापन तालिम | २ |
| १२. | आन्तरीक कार्यविधी निर्माण कार्यशाला | २/३ |
| १३. | रणनीतिक व्यवसायिक योजना निर्माण कार्यशाला | ३ |
| १४. | सञ्चालन तथा कानुनी जोखिम व्यवस्थापन तालिम | २ |
| १५. | ऋण असुली तथा धितो लिलामी सम्बन्धी कानुनी प्रक्रिया तालिम | २ |
| १६. | सहकारीमा साइबर (सुचना प्रविधी) सुरक्षा आधारभुत तालिम | १ |
| १७. | सुरक्षित ऋण लगानी सदुपयोगिता निरिक्षण तथा गैह्र बैंकिङ सम्पती व्यवस्थापन तालिम | १ |
| १८. | नेतृत्व विकास तालिम | २/३ |
| १९. | व्यवस्थापकको क्षमता विकास तालिम | २ |
| २०. | सदस्य सहभागीता बृद्धि तथा सदस्य स्थायित्व तालिम | १ |
| २१. | ऋण उपसमितिको क्षमता विकास तालिम | २ |
| २२. | सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको लागी वित्तीय विवरण विश्लेषण तालिम | १/२ |

नेफस्कून



## ग. उच्च स्तरीय तालिम

नेफस्कूनद्वारा प्रदान गरिने तपसिलमा उल्लेखित शिर्षकको तालिममा क'नै सहकारी संस्थाले आयोजना गर्न वा संघले आयोजना गरेको तालिममा सहभागि गराउन सक्नेछ ।

| क्र.स | तालिमको नाम | दिन |
|---|---|---|
| १. | संस्थागत विकास तालिम (ID Training) | ३ |
| २. | साकोस सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC) | ४ |
| ३. | लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि तालिम (CUASCC) | ३ |
| ४. | ऋण अधिकृतहरुको क्षमता अभिवृद्धि तालिन (CULCC) | ३ |
| ५. | सहकारीमा शुसासन स्तरको उत्कृष्टता (Credit Union Label of Excellence in Governance-CULEG) | ३ |
| ६. | व्यवस्थापकहरुको क्षमता अभिबृद्धि तालिम (CUMCC) | ५ |
| ७. | प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन (Trainers' Training) | ५ |
| ८. | लिडरसिफ्ट बुटक्याम्प (John Maxwell's Leadershift) | ३ |
| ९. | रणनीतिक व्यवसायिक योजना निर्माण कार्यशाला | ३ |
| १०. | उद्यमशिलता विकास तालिम | ५ |
| ११. | Cooperative Managers' Course (Affiliated to CTEVT) | ६०० घण्टा |

**नोटः माथि उल्लेखीत बाहेक आवश्यकताका आधारमा सहकारीसँग सम्बन्धीत अन्य तालिमहरुको पाठ्यक्रम निर्माण गरी सञ्चालन गर्न सकिने छ ।**

## अपेक्षित उपलब्धीहरु

- सहकारी सञ्चालन प्रकृयामा शुसासन कायम भएको हुनेछ,
- सहकारीहरुको सेवा प्रवाहमा गुणस्तरीयता आउने छ,
- सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उप-समितिहरु तथा शेयर सदस्यहरुले आफ्नो भूमिका, जिम्मेवारी, अधिकार र सहकारीको बारेमा स्पष्ट बुझाई विकास हुनेछ,
- सहकारीमा कार्यरत कर्मचारीहरु नविनतम प्रविधि प्रयोग गरी सेवा प्रवाहमा सक्षम हुनेछन्,
- सहकारी संस्थामा वित्तीय पारदर्शिता तथा जवाफदेहिता बढ्ने छ,
- सहकारी संस्थाहरुले नियमित रुपमा आवधिक योजना निर्माण गरी सञ्चालित भएका हुनेछन्,
- सहकारीहरुमा समावेशिता र सदस्य सहभागिता बढ्ने छ,
- सहकारी संस्थाले आफ्नो जोखिम पहिचान तथा न्यूनिकरण गरी संस्थागत सक्षमता बृद्धि गर्नेछन्,
- स्थानीय, प्रदेश र केन्द्रीय स्तरका संघ संस्थाहरु बीच सञ्जाल विस्तार र सहकार्य प्रवर्द्धन भएको हुनेछ ।

## तालिम कार्यक्रमको सञ्चालन

- प्रारम्भिक संस्थाहरुसँग समन्वय
- तालिम आवश्यकता पहिचान
- संस्थाले माग गरेको तालिमको पाठ्यक्रम र सत्र योजना तयारी
- स्रोत व्यक्ति उपलब्धता
- तालिम सञ्चालन
- पृष्ठपोषण र प्रतिवेदनको तयारी
- निरन्तर समन्वय





# तालिम प्याकेज

संघको सहजिकरण तथा संस्थाको आयोजनामा सञ्चालन हुने तालिमको शिर्षक तथा अवधि अनुसार शुल्कको निर्धारण गरिएको छ ।

**क) संस्था आफै आयोजक भई संघ मार्फत प्राविधिक सहजिकरण हुने तालिमहरूको विवरण**

| क्र.सं | तालिमको नाम | प्रकृति | संघले उपलब्ध गराउने सहजकर्ता |
|---|---|---|---|
| १. | चार दिने तालिम / गोष्ठी | आवाशीय | २ जना |
| २. | तिन दिने तालिम / गोष्ठी | आवाशीय | २ जना |
| ३. | दुई दिने तालिम / गोष्ठी | आवाशीय वा गैर आवाशीय | १ जना |
| ४. | एक दिने तालिम / गोष्ठी | आवाशीय वा गैर आवाशीय | १ जना |

www.nefscun.org.np



**तालिमको विस्तृत पाठ्यक्रम, शुल्क तथा अन्य जानकारीका लागिः**


**नेफस्कून**

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

Nepal Federation of Savings & Credit Cooperative Unions Ltd.

मिनभवन, काठमाडौं, नेपाल

फोन नं. :+९७७-१-४७९१९६३, ४७९०२०१ (Ext. 230 & 316)

इमेल : trainingcentrenefscun@gmail.com, nefscun@nefscun.org.np